का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ चैत २०७८,
मंगलबार
5 April 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ५९ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

## कांग्रेसले छोडेन लेखा समितिको नेतृत्व



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ चैत

संसदीय अभ्यासमा संसदको सार्वजनिक लेखाको नेतृत्व (सभापति) प्रमुख विपक्षीलाई दिने गर्ने परम्परा छ।

सरकारी कोषको प्रभावकारी एवं मितव्ययीपूर्ण खर्च भए नभएको जाँच पड्ताल गर्ने अधिकार पाएको लेखा समिति सत्तारुढ दलले नै राखे स्वार्थ मिल्ने र सरकारको कामबारहीको निगरानी नहुने विश्वास राखिन्छ। तर, आफुलाई शेरबहादुर देउवाले मन्त्री नबनाएपछि शाहले पनि लेखा समितिको सभापति छाड्न मानेका छैनन्।

सरकारको नेतृत्वबाट हटेर प्रतिपक्षमा पुगेको एमालेले कांग्रेस र शाहलाई लेखा समितिको सभापति छाड्न पटकपटक ध्यानाकर्षण गराएको छ। तर, न शाहले राजीनामा दिएका छन्, न सरकारको नेतृत्व गरेको कांग्रेसले शाहलाई राजीनामा गराएको छ।

एमाले सांसदहरूले लेखा समितिकै बैठकमा सभापति शाहको राजीनामा मागेका छन्। २४ असोज २०७८ मा बसेको बैठकमा एमाले सांसदद्वय गोकुल बास्कोटा र राजेन्द्रप्रसाद गौतमले लेखा समितिको सभापति प्रमुख विपक्षी दलले पाउनुपर्ने भन्दै सभापति शाहको राजीनामा मागे।

> 'यो (सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्षी दलको हुनुपर्ने) विषयको उठान गर्नु विपक्षको धर्म हो।'
>
> **भरत शाह**
> सभापति
> सार्वजनिक लेखा समिति

> 'बाहनाका निम्ति अनेक ठाउँ भेटिन सक्छ। तर, कांग्रेस जस्तो पार्टीले बाहनै बनाएर लेखा समितिको नेतृत्व लिइरहनु उसैका लागि लज्जाको विषय हो।'
>
> **शंकर शर्मा**
> पूर्वसचिव
> संघीय संसद सचिवालय

लोकतन्त्रको हिमायती ठान्ने नेपाली कांग्रेसले भने सरकारको नेतृत्व गरेको ९ महिना हुँदा समेत लेखा समितिको नेतृत्व छाडेको छैन्।

लेखा समितिको सभापति भरतकुमार शाह छन्, जो २९ असारदेखि गठबन्धन सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसका सांसद हुन्।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा रुपन्देहीको क्षेत्र नं. ५ बाट निर्वाचित शाह कांग्रेस विपक्षी दल भएकै कारण सर्वसम्मत लेखा समितिको सभापति बनेका थिए। तर, जब प्रतिपक्षी कांग्रेस सरकारको नेतृत्वमा पुग्यो, शाह मन्त्री बन्न चाहे। पार्टी सभापति एवम् प्रधानमन्त्री

लेखा समितिका सभापति शाहले भने 'यो विषयको उठान गर्नु विपक्षको धर्म हो' भन्दै टारिदिए।

साथै विगतमा पनि लेखा समिति सभापतिले राजीनामा दिएको आफूलाई जानकारी नभएको शाहले बताउने गरेका छन्। शाहले भनेझैं पहिलो संविधानसभामा पनि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढालेर


– बाँकी पृष्ठ २ मा

## गठबन्धनको नीति

# जसरी पनि एमाले हराउने

प्रमुख विपक्षी दल नेकपा एमालेविरुद्ध साझा उम्मेद्वार बनाउने निर्णय गरेको सत्ता साझेदार दलका नेताहरु हरेक स्थानीय तहमै जित्ने रणनीतिमा जुटेका छन्।











**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ चैत

सत्तारुढ पाँच दलीय गठबन्धनले नेकपा एमाले हराउने अभियान सफल बनाउने अभियान चलाइरहेको छ। एमाले हराउन प्रत्येक स्थानीय तहमा पाँच दलीय गठबन्धन बनाउन नेताहरु जुटेका छन्।

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंह एमालेको प्रतिगामी कदम परास्त गर्न गठबन्धन आवश्यक रहेको बताउँछन्। 'संविधान जोगाउन गठबन्धनलाई कायम राखेर चुनावमा जानुपर्ने अवस्था आएको छ, तसर्थ गठबन्धन मान्दिन भन्नेहरुले पार्टी छोडे हुन्छ,' नेता सिंहले भने। उनले गठटबन्धनलाई के कसरी अघि बढाउने भन्ने विषयमा शीर्षस्थ नेतादेखि तलका कार्यकर्तासम्ममा छलफल भईरहेको बताएका छन्।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पनि चुनावी तालमेलबारे रणनीति बनेको बताएका छन्। 'तालमेल गर्नेबारे पार्टीमा निरन्तर छलफल गर्दैछौं,' उनले भने, 'तर पार्टीको निर्णय सबैले मान्नुपर्छ' नेता थापाले भने।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पाँच दलीय संयन्त्र बलियो भएर चुनावमा जाने तयारी भएको बताएका छन्। 'हामी एमालेलाई परास्त गर्ने रणनीतिमा छौं। छिट्टै छलफल टुंग्याएर जनतामा जान्छौं,' अध्यक्ष दाहालले भने। विशेष संयन्त्र बनाएर चुनावमा जाने तयारी भएको अध्यक्ष दाहाल बताउँछन्।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पनि गठबन्धन बलियो भएर चुनावी रणनीतिमा जुटेको बताएका छन्। 'अब, विनविनको सिद्धान्तले गठबन्धन अघि बढ्ने छ, हामी तीव्र तयारीमा छौं' नेता नेपालले भने। स्थानीय तहको निर्वाचनमा प्रतिगमन परास्त गर्न लोकतन्त्रवादी शक्ति बलियो भएर जानुपर्नेमा उनको जोड छ।

तर, एमाले चुनाव गठबन्धनमा रहेका दलहरुसँग एक्लाएक्लै चुनाव लड्ने हिम्मत नभएको बताएका छन्। 'गठबन्धनका नेतासँग एक्लै चुनाव लड्ने आँट कहाँबाट होस्, एमाले एक क्विन्टल छ उनीहरु एक एक किलो', अध्यक्ष ओलीले भने। उनले एक्लै चुनावको सामाना गर्न एमाले तयार रहेको पनि बताएका छन्।

– बाँकी पृष्ठ २ मा

## साउदीस्थित नेपाली दूतावासका कर्मचारीहरुको अर्को हर्कत

# दूतावास बन्द गरेर नेपाल आउने तयारीमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ चैत

आगामी एक महिनासम्म नेपाली कामदारका लागि पेश हुने मागपत्र प्रमाणीकरणका आवेदन नलिने निर्णय गरेका साउदी अरबस्थित नेपाली दूतावासका कर्मचारी बिदा मनाउन स्वदेश फर्किने तयारीमा लागेका छन्। मुस्लिम समुदायको महान पर्व रमदानलाई कारण देखाउँदै साउदीस्थित नेपाली दूतावासले बुधबारसम्म यसअघि पेश भएका मागपत्र प्रमाणित नगर्ने र आगामी मे ६ तारेखसम्म प्रमाणीकरणका लागि रोजगारदाताबाट कुनै आवेदन दर्ता नगर्ने निर्णय सार्वजनिक गरेको थियो।

दूतावासले मुस्लिम समुदायको महान पर्व रमदानलाई कारण देखाउँदै मागपत्र प्रमाणीकरण गर्ने कार्य एक महिनाभन्दा बढी समय स्थगित गरेर आफ्नो नालायकी र गैर जिम्मेदारी हर्कत प्रदर्शन गरेको धेरैले टिप्पणी गरेका छन्। साउदी अरबको रियादस्थित नेपाली दूतावास र जेद्दास्थित कन्सुलर कार्यालयले नेपाली कामदारका लागि रोजगारदाताले पेश गरेका मागपत्र प्रमणीकरण गर्ने गरेका छन्। दूतावासको सूचनाले दुबै स्थानबाट मागपत्र प्रमाणीकरणको काम प्रभावित भएको छ।

कोरोना भाइरस संक्रमण कम भएको र खोप लगाउनेहरू बढेपछि साउदी अरबले विदेशी कामदारका लागि ढोका खोलेको थियो। वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार गत माघ महिनामा १४ हजार २ सय ३७ जना र फागुन महिनामा ९ हजार १ सय ६० जना साउदी अरेबिया गएका थिए। नेपाली दूतावासमा मागपत्र प्रमाणीकरण प्रायः बन्द भएपछि नेपाली कामदार लैजान चाहने रोजगारदाताहरू निराशा भएर फर्किने गरेको बताइएको छ।

रियादस्थित नेपाली दूतावासले रमदानको पवित्र महिना र ईद पर्वको अवसर भन्दै अप्रिल ३ तारिख आइतबारदेखि मे ५ तारिख बुधबारसम्म मागपत्र प्रमाणीकरणको काम 'सस्पेण्ड' गरेको बताएको छ। दूतावासले एक महिनापछि मे ६ तारिखदेखि मात्रै दूतावासको अनलाइन डिमाण्ड एटेस्टेशन अनलाइन प्रक्रियाबाट डिमाण्ड प्रमाणीकरणको आवेदन लिन शुरू गरिने सूचनामा उल्लेख छ। मार्च ३१ तारिखसम्म प्रमाणीकरणका लागि पेश भएका डिमाण्ड भने पहिले जसरी नै प्रमाणीकरण हुने दूतावासको भनाइ छ।

नेपाली दूतावासले मागपत्र प्रमाणीकरण रोक्नुलाई कतिपयले नेपालको राष्ट्रिय आवश्यकता विपरीतको काम भनी टिप्पणी गरेका छन्। वैदेशिक रोजगारबाट आउने रेमिट्यान्स घटेको र त्यसले सोधानन्तर अवस्था कमजोर बनेको अवस्थामा सकेसम्म धेरै कामदार वैदेशिक रोजगारमा पठाउनुपर्ने बिज्ञहरूको सुझाव रहेको अवस्थामा नेपाली दूतावासबाट बहानाबाजी गरेर मागपत्र नै प्रमणाणीकरण नगर्नु दुःखद् घटना भएको नाम बताउन नचाहने एक व्यवसायीको टिप्पणी छ।

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## विदेश जाने र फर्कनेलाई तालिम

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारबाट फर्केका र जान चाहने व्यक्ति तथा परिवारका लागि वित्तीय साक्षरता र उद्दमशिलता तालिम सम्पन्न गरेको छ। स्थानीय तहसँगको साझेदारीमा हेटौंडामा सम्पन्न दुई दिने अभिमुखीकरण तालिम प्रभावकारी रहेको विभागले बताएको छ।

विभागका महानिर्देशक शेषनारायण पौडेलको संयोजकत्वमा संचालित उक्त कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी उप प्रमुख मिना कुमारी लामा, मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधकारी भरतमणि पाण्डे, श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमती प्रदेशका अधिकृत हरिहर पोखरेल, बकैया गाउँपालिका मकवानपुरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पुडासैनी, बकैया गाउँपालिकाको कृषि विकास शाखा तथा पशुपंछी विकास शाखाका शाखा प्रमुखहरु, राष्ट्रिय वाणिज्य बैकका प्रतिनिधि र सामी तथा हेल्भाटास परियोजनाका पदाधिकारीहरुको सहभागितारहेको विभागले बताएको छ। हैटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकाबाट छनोट गरिएका

– बाँकी पृष्ठ २ मा

## चुनाव जित्न आन्तरिक प्रक्षेपण

केही हप्ताअघि भएको केन्द्रीय कमिटी बैठकमा जिल्लाका नेताहरुले गठबन्धन गर्नु भन्दा एक्लै जाँदा एमालेलाई फाइदा हुने रिपोर्ट बुझाएका थिए। यद्यपि, अध्यक्ष ओली स्वयं नै चुनावी नतिजादेखि डराउन थालेको ओली निकट नेताहरु बताउँछन्।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ चैत

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पाँच दलीय गठबन्धनलाई जितेर पहिलो पार्टी बन्ने दाबी गरेपनि नेताहरु भने आन्तरिक प्रक्षेपणमा जुटेका छन्। एमालेका विरुद्ध ५ दलीय मोर्चा भएर जाने निश्चित भएपछि नेता कार्यकर्ताहरु आन्तरिक गृहकार्यमा जुटेका हुन्।

केही हप्ता अघि भएको केन्द्रीय कमिटी बैठकमा जिल्लाका नेताहरुले गठबन्धन गर्नु भन्दा एक्लै जाँदा एमालेलाई फाइदा हुने रिपोर्ट बुझाएका थिए। यद्यपि, अध्यक्ष ओली स्वयं नै चुनावी नतिजादेखि डराउन थालेको ओली निकट श्रोत बताउँछन्। 'उहाँले भाषणमा एमाले एक क्विन्टलको ढक र बाँकी एक किलो मात्रै भएको बताएपनि चुनावी परिणामदेखि नेताहरु अत्तालिएका छन्, तसर्थ अध्यक्ष ओली आफ्नो पक्षमा मत ल्याउने रणनीतिमा लाग्नुभएको छ,' ओली निकट श्रोतले बतायो।

ओलीले अन्य दलका चर्चित तर टिकट नपाउने नेतालाई आफ्नो पक्षमा ल्याएर टिकट दिने रणनीति बनाइरहेको पनि ती नेताले जानकारी दिए। 'केन्द्रीय कमिटी बैठकमा एकदमै सकारात्मक रिपोर्टिङ आएको छ, हामी गठबन्धनको सामाना गर्दा पनि पहिलाको स्थितिबाटै खासै कमजोर बन्दैनौं', एमाले स्थायी कमिटी सदस्य शेरबहादुर तामाङले भने। उनले गाउँगाउँमा पुग्दा अहिलेपनि एमालेको पक्षमा प्रष्ट जनलहर देखिएको बताएका छन्।

तत्कालीन २०७४ सालको निर्वाचनमा वामगठबन्धन बनाएर जाँदा पनि एमालेले धेरै मतान्तरले चुनाव नजितेको हुँदा आगामी चुनावी नतिजा आफ्नो पक्षमा आउनेमा नेताहरु सशंकित देखिएका हुन्। हाल नेकपा माओवादी र नेकपा एमालेकै माधव नेपाल पक्ष फुटेर नयाँ पार्टी गठन गरिसकेको अवस्था छ।

तर, अध्यक्ष ओली भने माधव नेपाल पक्षहरु विभाजित भएपछिको अवस्थामा झनै राम्रो मत आउने दाबी गर्छन्। 'पहिले पनि एमाले फुट्यो तर जस्ताको तस्तै, अहिले पनि फुट्यो भनियो तर जस्ताको तस्तै' ओलीले भने, 'बरु झन् ठूलो भएको छ, त्यसैले आत्तिनु पर्दैन।' आगामी स्थानीय निर्वाचनमा पनि एमालेकै जित हुने उनको दाबी थियो।

यद्यपि, राप्रपा र लोसपासँग चुनावी सहकार्य गरेर जाने एमालेको तयारी देखिन्छ।

– बाँकी पृष्ठ २ मा

## कांग्रेसले...

माधवकुमार नेपाल नेतृत्वमा बनेको सरकारमा गएको कांग्रेसका रामकृष्ण यादवले लेखा समितिको सभापति छाडेका थिएनन् । २०७२ मा संविधान जारी भएपछि प्रतिपक्षमा रहेको माओवादी केन्द्र एमाले नेतृत्वको सरकारमा गएको थियो, तर जनार्दन शर्माले लेखा समितिको सभापति छाडेका थिएनन् । शर्माले राजीनामा दिएपछि पनि माओवादी केन्द्रका डोरप्रसाद उपाध्याय सभापति बनेका थिए । तर, संसदीय मामिलाका जानकारहरूका अनुसार यी नेपालको संसदीय इतिहासमा भएका गलत अभ्यास थिए, अहिले त्यसलाई देखाएर लेखा समितिको सभापति नछाड्नु दुर्भाग्य हो ।

### ९ महीनामा ३ बैठक

लेखा समिति सत्तापक्षले लिए कस्तो हुन्छ ? भन्ने उदाहरण अहिले प्रस्तुत भइरहेको छ । अनेक विषय छन्, जसमा लेखा समितिले सक्रियता देखाउन सक्छ । तर, समिति मौनता साधेर बसेको छ । शाह नेतृत्वको लेखा समिति पछिल्ला दिनहरूमा साँचो अर्थमा लेखा समिति जस्तो छैन, सरकारको छायाँ जस्तै भएको प्रमुख विपक्षी एमाले सांसदहरूको आरोप छ।

शाहले समितिलाई बनाएको निष्क्रियताले पनि यो आरोपलाई नै बल दिन्छ । किनकि कांग्रेस सभापति देउवाको नेतृत्वमा सरकार बनेको ९ महीनामा जम्मा ३ वटा पटक बैठक बस्यो र सबै बैठक छलफलमा मात्र सीमित भए । २९ असारमा कांग्रेस नेतृत्वमा सरकार बनेपछि असोज २४ गते लेखा समिति बैठक बसेको थियो । दोस्रो बैठक पुस २० गते राखेर लेखा समितिले 'उखु किसानले पाउनुपर्ने बक्यौता भुक्तानीका सम्बन्धमा छलफल' चलायो ।

२५ पुसको तेस्रो बैठकमा समितिले 'देशको वर्तमान आर्थिक अवस्थाका सम्बन्धमा' अर्थ मन्त्रालयका सचिव र गभर्नरसँग छलफल गर्‍यो । कांग्रेस सत्तामा आएपछि लेखा समिति अन्य विषयमा प्रवेश गरेको छैन ।

त्यही बीचमा मुख्य चाडपर्वहरू परे' पाण्डे भन्छन्, 'पछिल्लो समय सबैजसो दलका महाधिवेशनहरू भए । फेरि कोरोनाको तेस्रो लहर आयो । अहिले स्थानीय तहको चुनाव लागेको छ। त्यसैले मनग्गे बैठक गर्न सकिरहेका छैन ।' तर, अनेक कारण देखाएर नेतृत्व लिइरहनु लोकतान्त्रिक पार्टीका लागि सोभनीय विषय नरहेको संसदीय मामिलाका जानकारहरु बताउँछन । संघीय संसद सचिवालयका पूर्वसचिव शंकर शर्मा भन्छन्, 'बाहनाका निम्ति अनेक ठाउँ भेटिन सक्छ। तर, कांग्रेस जस्तो पार्टीले बाहनै बनाएर लेखा समितिको नेतृत्व लिइरहनु उसैका लागि लज्जाको विषय हो ।'

## गठबन्धनका....

तर, विश्लेषक डा. राजेश अहिराज भने एमालेलाई सिध्याउन गठबन्धन लाग्नुको कुनै औचित्य नरहेको बताउँछन् । 'सैद्धान्तिक नैतिकता बिर्सेकाले मतदातालाई के जवाफ देलान ? तीन वटा निर्वाचनमा पुँजीवादी, समाजवादी र माओवादी मिलेर जान सकिन्छ भने छुट्टाछुट्टै दल खोलेर किन जनता ठग्नु ? एउटै नेपाल गठबन्धन पार्टी बनाउँदा भइहाल्छ त', विश्लेषक अहिराजले भने । उनले देश विकासमा भन्दा पनि गठबन्धनका नेता आफ्नो स्वार्थ पूर्तिमा लागेको दाबी गरेका छन् ।

हालसम्म अर्घाखाँची, अछाम, धनकुटा, नुवाकोट, तनहुँ, चितवन, कञ्चनपुर लगायतका विभिन्न जिल्लाहरुले पाँच दलीय मोर्चालाई बलियो बनाएर लैजाने सहमति गरिसकेका छन् । पाँच दलीय मोर्चासँग चुनावमा भिड्दाँ आउने परिणामबारे नेकपा एमाले पनि सजग भएको छ ।

## साउदीस्थित ...

रेमिट्यान्स आप्रवाहमा कमी आएको कारणले हाल श्रीलंकामा राष्ट्रिय संकटको अवस्था सिर्जना भएको छ । कतिपय अर्थविद्हरूले रेमिट्यान्स घट्दै गए नेपाल पनि श्रीलंकाको बाटोमा जानसक्ने चेतावनी दिएका छन् ।

साउदीस्थित नेपाली दूतावासले रमदानको बहाना बनाएर कामै रोक्नु अनुत्तरदायी प्रवृत्ति मानिएको छ । एक मुस्लिम व्यवसायीले मध्यान्हसँग भने, 'रमदानको महिना भनेको नेपाली दूतावासका कर्मचारीले व्याख्या गरेजस्तो कामै नगर्ने महिना होइन । यो त पवित्र महिना हो र हामी अरु ११ महिना भन्दा रमदानको महिना तीन गुणा बढी काम गर्छौं ।' उनले रमदानको महिना प्रगति र उन्नतिको महिना भएको बताए । रमदानको महिनामा काम रोक्ने निर्णय नेपाल सरकार परराष्ट्र मन्त्रालयको लिखित निर्णय र निर्देशन नभई साउदीस्थित नेपाली दूतानासका करिब आधा दर्जन अनुत्तरदायी कर्मचारीको लहडको निर्णय हो ? भन्ने प्रश्न पनि गम्भीर रुपमा उठेको छ । नेपाली दूतावास श्रम कूटनीतिसँग पनि सम्बन्धित रहेको र त्यहाँ श्रम मन्त्रालयका उपसचिव सरहका कर्मचारी काउन्सिलर श्रम र शाखा अधिकृत श्रम सहचारी पनि छन् । साउदी रोजगारदाताहरूले मागपत्र पेश गर्न चाहेको अवस्थामा दूतावासको ढोका बन्द गरेर छुट्टी मनाउन हिँड्ने प्रवृत्तिलाई स्वयं परराष्ट्र र श्रम मन्त्रालयको गैरजिम्मेवारी भन्दै छानविन र अनुसन्धान गरि नुपर्ने बताएका छन् । श्रम मन्त्रालयले तत्काल मागपत्र प्रमाणीकरण खोल्न कडा आदेश दिनुपर्ने कतिपयको माग छ । साउदीस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण रोकेकोमा नेपाली व्यवसायीमाथि परेको मर्कालाई लिएर आवाज नउठाएकोमा कतिपय व्यवसायीहरुले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पनि आलोचना गरेका छन् । यसबारे संघले गम्भीररुपमा परराष्ट्रदेखि श्रम मन्त्रालयसम्म आवाज उठाउनु पर्ने व्यवसायीहरुको धारणा पाइएको छ ।

## विदेश...

वैदेशिक रोजगारीबाट फर्केका र जान चाहने व्यक्ति तथा तिनका परिवारका चालिस भन्दा बढीको संख्यामा सहभागिता रहेको कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्केका र जान चाहने व्यक्ति तथा तिनका परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता, विप्रेषण र विप्रेषणको उत्पादनमूलक क्षेत्रमा लगानीको लागि महत्वबारे जानकारी गराइएको थियो । विभागका अनुसार वित्तीय लक्ष्य निर्धारण र पारिवारिक बजेट, सफल उद्धमीका लागि व्यावसायिक अवसरको पहिचान र छनोट, बजार र बजारीकरण, व्यावसायिक योजनाबारे जानकारी गराइएको थियो । सहभागीहरूले वैदेशिक रोजगारीमा जाने क्रममा प्रस्थान बिन्दुदेखि गन्तव्य मुलकमा रहँदासम्म ठगी एवं शोषणको सिकार बन्नु परेको विषयमा जिज्ञासा राखेका थिए । विभागका महानिर्देशक पौडेलले जिज्ञासा तथा गुनासाहरुको जवाफ दिएका थिए ।

## गोलिया काठ/दाउरा शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्रीको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/१२/२२**

यस सामुदायिक वनबाट आ.व. ०७७/०७८ मा सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार कटान, मुछान भई उत्पादन भएर घाटगद्दीमा राखिएको साल तथा अन्य जातको जम्मा १५३३.५८ घन.फि. गोलिया काठ तथा विभिन्न जातको १.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्वन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सुचना यस समूहको कार्यालय कालीमाटी गा.पा. ४ सल्यान र डि.व.का. सल्यानको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री लामपोखरी सामुदायिक वन उपभोक्ता समूह**
कालीमाटी गा.पा.४, सल्यान

## हरिहरपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**झनझने, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः २०७८।१२।२२**

हरिहरपुरगढी गाउँ कार्यपालिकाको मिति २०७८।११।१६ गते प्रकाशित Supply Delivery, Installation, commissioning and Testing of brodband services in designated locations of Hariharpurgadhi Rural Municipality (ठेक्का नं. १३/२०७८/७९ HRM) सम्वन्धी बोलपत्र आह्वानको सूचना भएनुसार तोकिएको समयावधि भित्र ठेक्का नं. १३/२०७८/०७९ HRM मा २(दुई) वटा बोलपत्रदाताहरुले बोलपत्र पेश गरेको तथा मिति २०७८।१२।१८ गते वसेको गाउँपालिकाको मूल्यांकन समितिको निर्णयानुसार तपसिलमा उल्लेखित बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| ठेक्का नं | कामको विवरण | बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| १३/२०७८/७९ | Supply Delivery, Installation, commissioning and Testing of brodband services in designated locations of Hariharpurgadhi Rural Municipality, contract no. 12/2078/79HRM | एरोनेट प्रा.लि. त्रिपुरेश्वर, काठमाण्डौ | रु. ९८,३५,३५०।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management

## Federal water Supply and Sewerage Management Project

Kanchanpur

### Letter of Intention to Award Contracts

**Date : 05 April, 2022 (2078-12-22)**

This is informed to all concerned in accordance with the Public procurement Act 2063 (27,2) that it is our intention to award the bidders for online bid published on 2078/11/13 date in Madhynna NEWS paper by Federal Water Supply and Sewerage management Project Kanchanpur to the bidders listed below as bid price of corresponding bidder is determined to be substantially responsive and lowest evaluated bid prices.

| S.N | Contract NO. | Description of works | Lowest Evaluated substantially responsive bidder's name and Adress | Bid price with VAT (NRs) |
|---|---|---|---|---|
| 1 | 09/078-79/ fwssmp/ kanchanpur | Supply & Delivery of PE100 HDPE Pipes for Different Water Supply Projects (Ganyapdhura) | Laxmi Plastics (P) Ltd. Nepalganj | 54,96,546.00 |
| 2 | 10/078-79/ fwssmp/ kanchanpur | Supply & Delivery of PE100 HDPE Pipes for Different Water Supply Projects (Ganyapdhura) | Laxmi Plastics (P) Ltd. Nepalganj | 54,01,852.00 |

**Project Chief**

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**Federal Road Supervision and Monitoring office**

## Road Division Chaurjahari, Rukum (West)

### Invitation for Bids

**Notice No.: 14/078/79**
**Date of Publication : 2078/12/22 BS (2022/04/05 AD)**

Ministry of Physical Infrastructure and Transport; Department of Roads; Federal Road Supervision and Monitoring office, Road Division Chaurjahari, Rukum (west) invites electronic bids from eligible bidders for the following works:

| Contract Identification Number | Description of work | Bid Security Amount in (NRs.) | Average Annual Construction Turnover Required (AACT) | Non-Refundable Fee for Bid Document Purchase (NRs.) |
|---|---|---|---|---|
| DROCJI/337011694/ NCB/78/79-59 | Road Upgrading Works, Gravelling works on Salyan-Jalekharka-Duli-Jajarkot Sadak, Rukum West. | 12,85,000.00 | 77 Million | 5000 |
| DROCJI/337011694/ NCB/78/79-60 | Road upgrading Work earthwork excavation Gabion & Plumb Concrete works on Kholagaun Neta Salyan Road Rukum West) | 640,000.00 | 39 Million | 5000 |

| | | | |
|---|---|---|---|
| Last date and time of purchase of Bid Document | 2079/01/22 B.S. (2022/05/05 A.D.); up to 12:00 noon | Last date, time and place of bid submission: | 2079/01/22 B.S. (2022/05/05 A.D.); up to 12:00 noon |
| Date, time and place of bid Opening | 2079/01/22 B.S. (2022/05/05 A.D.); up to1:00 noon | Bid security validity period | 30 days beyond Bid Validity Period (120 days from the date of bid opening). |
| Date, time and place of Pre-Bid Meeting | 2079/01/16 B.S. (2022/05/05 A.D.) 1:00 noon | | |
| Account No. for bid document purchase | Nepal Bank Limited, Jajarkot A/C No. 00101000000001001001; Office Code: 337016601, Road Division Chaurjahari, Rukum (west), Revenue Heading No.: 14229 | | |
| Account No. for bid security deposit | Deposit Account No. Nepal Bank Ltd, Jajarkot: 07502000000000000340 of District Treasury Controller Office, Jajarkot (Ko.Le.Ni.Ka) or Bank Guarantee (issued by 'A' class commercial Bank) Office Code: 337016601, Road Division Chaurjahari, Rukum (west) (mention purpose of deposit stating contract No. clearly). | | |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal http://*bolpatra.gov.np/egp* and for additional information please inspect the bidding documents at the Road Division Chaurjahari, Rukum (west)
2. Road Division Chaurjahari, Rukum (west) reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Division Chief**


## UAE मा रोजगार
कम्पनी: LAHEJ & SULTAN CLEANING SERVICES & GENERAL MAINTENANCE CO.
शहर : UAE

पूर्व स्वीकृत मिति: २०७८/०९/११ चलानी नं.: ६०१७१२३५ L.T. No.: 254719 पुन विज्ञापन

1. Cleaner 48 23 900

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत्र २९ र 30 गते (12 & 13 April 2022) मा हुनेछ ।

**Golden achivers international pvt Ltd**
Basundhara Chauki Kathmandu, Tel: 01-5914478
Mob.: 9803552057, 9803846905, 9818261234, 9818591086
E-mail : info@goldenach.com, Web.: www.goldenach.com

## QATAR मा रोजगारको अवसर
कम्पनी: CLASSIC METAL SCRAP TRADING W.L.L
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१२/२१ चलानी नं.: ६०१७७३११ L.T. No.: 261066

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 3 | 0 | स. काममा दक्ष | 1000 | ३३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २९ गते (12 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632, 01-5104634, E-maildestinydocumentation62@gmail.com


## सडक डिभिजन भक्तपुरको सूचना !

**प्रकाशित मिति २०७८/१२/२२**

यस डिभिजनबाट निम्न सडक योजनाको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि WebSite (https://bolpatra.gov.np/egp) visit गर्नुहुन वा यस डिभिजनमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

| S. N | Sealed Bid Number | Description of Work | Estimate Amt without VAT & Contingencies (NRs.) | Bid Security Amount (NRs.) | Non–refundable fee for bid document | Average Annual Turnover of best 3 years over the last 10 years NRS(Millions | Minimum Work experience of similar size and nature at least One Contract for Construction of Road works value given below (NRs. in Millions) within the last five (5) years. |
|---|---|---|---|---|---|---|---|
| 1 | DROBKT/ 13/ 078/79 –31 | Road Upgrading Works at ARM Indrasan Party Palace Ram Mandir Hanumante Khola Road– MadhyapurThimi 1 | 4205435.49 | 115000 | 3000 | – | – |
| 2 | DROBKT/ 13/ 078/79 –32 | Road upgrading works at Chalise Darimbot Roshi Mokshya Marga Road, Kavre(Ch= 0±000 to Ch= 3±000) | – | 688000 | 5000 | 38.14 | 20.34 |

### सडक डिभिजन भक्तपुरको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !

यस डिभिजनको मिति २०७८/९/१६ को सुचना अनुसार देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | ठेक्का न | सफल बोलपत्रदाता | कबोल अंक (भ्याट,पि.एस.,कन्टेन्जेन्सी बाहेक) |
|---|---|---|---|
| १ | DROBKT/33701176/078/79–16 | Ms. Apex/Trbeni JV Kathmandu | 17,57,16,620.00 |

**डिभिजन प्रमुख**

# ७ सय ५३ वटै स्थानीय तहमा प्राविधिक शिक्षा विस्तार गरिने



**पारासी/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले ७ सय ५३ वटै स्थानीय तहमा प्राविधिक शिक्षा विस्तार गरिने बताएका छन् ।

विगतमा प्राविधिक शिक्षा सञ्चालन गरिरहेका विद्यालयलाई नमूनाको रूपमा स्थापित गर्दै बाँकी रहेका स्थानीय तहमा पनि प्राविधिक विषय थप गर्न लागिएको उनको भनाई थियो ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिकाले सोमबार आयोजना गरेको शैक्षिक गुणस्तरीयताका लागि अन्तरक्रिया कार्यक्रममा मन्त्री पौडेलले शिक्षालाई जागिर खानेभन्दा सीपमा आधारित बनाउन प्राविधिक शिक्षालाई विस्तार गर्न लागिएको बताए ।

उनले भने, 'विद्यालयको भौतिक पूर्वाधार, शिक्षण सिकाइ पद्धति र कानूनी सुधारको माध्यमबाट शैक्षिक गुणस्तरीयता वृद्धिका लागि जोड दिएका छौं, शिक्षक, अभिभावक, विद्यार्थी र सरोकार निकाय मिलेर प्रयत्न गरेमा शिक्षामा सुधार ल्याउन सकिन्छ, सकेसम्म विद्यालय 'मर्ज' गरेर अघि बढ्नुस्, पूर्वाधारका लागि हामी तयार छौँ ।'

मन्त्री पौडेलले विद्यालय समयमा राजनीतिक तथा अन्य सामाजिक कार्यमा नलागी विद्यालय सुधारमै केन्द्रित हुन प्रधानाध्यापक तथा शिक्षकहरुलाई आग्रह गरे । आगामी तीन वर्षभित्र सबै विद्यालयमा खानेपानी, शौचालय, विद्यालय भवनलगायतको पहिचान गरी भौतिक पूर्वाधारमा सुधार गर्ने जानकारी दिए ।

सुनवल नगरपालिकाका कार्यवाहक नगर प्रमुख दधिराम अर्यालले नगरपालिकाले शिक्षाको गुणस्तर वृद्धिका लागि प्राथमिकतामा राखेर योजना र कार्यक्रम सञ्चालन गरिरहेको चर्चा गर्दै सबैको प्रयासले अहिले सुनवलका सामुदायिक विद्यालयको नतिजामा सुधार भएको बताए ।

**URGENT VACANCY**
A reputed Recruiting Agency is seeking following position.
1. Receptionist (F)
2. Documentation Officer (M/F)
Req. : +2 Passed, Computer, Internet & Basic English is mandatory. More priroty to experience one. Age : 20 above.
Salary : 13000-18000/-
We will email you for the final interview which is going to be held in the following address on 10 April 2022.
Send CV to : timesmanpower944@gmail.com
TMS Times Management System Pvt. Ltd.
Gongabu, Tokha Kathmandu, Nepal
Tel : 01-5906211, 5907211

**MIKLAJUNG RURAL MUNICIPALITY**
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
**Madhumalla, Morang**
**Province no. 1, Nepal**

**Invitation for Bid**

**Date of Publication (Second Notice): 22nd Chaitra 2078 (5th April 2022)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| S.N. | Contract Identification Number and description of works | Estimate with VAT (NRs.) | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method |
|---|---|---|---|---|---|---|
| 1. | 19/MRMM/WORKS/ SQ/078/79 (Bazar Tahara Nirman) | 17,14,773.75 | 43,000 | 1000.00 | 12:00 noon 20th April 2022 | Sealed Quotation |

2. Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Miklajung Rural Municipality, Office of Municipal Executive, Madhumalla, Morang, during the office time.
3. Bidders shall download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp , as specified in the Bidding data sheet for provision of E-bidding. Bidders should deposit the equivalent fee for bidding document in the below Revenue account. Bids submitted in hardcopy shall not be accepted.

| Name of bank | Name of office | Account Name | Office revenue account number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-1-1 Aantarik Rajaswa Khata | 0610058213000013 |

4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp. Bidders are requested to follow the electronic bids submission procedure as specified in e-GP system operating guideline-2073 and user manuals issued by PPMO which are available in e-GP system. Bids shall be opened in the presence of bidder representatives who choose to attend on the date mentioned in above table at 14:00 hrs at the Office of Rural Municipal Executive, Miklajung Rural Municipality, Madhumalla Morang. Bids must be valid for a period of 45 days for Sealed Quotation counting form the day of Bid Opening and must be accompanied by the bid security which shall be valid for minimum 30 days beyond the Bid Validity period. The scanned copy of Bid security should be uploaded in the e-GP system during the bid submission.
**Information to deposit the bid security amount**

| Name of bank | Name of office | Account Name | Deposit A/C number |
|---|---|---|---|
| NMB Bank Madhumalla Branch | Miklajung Rural Municipality | GA-3 Sthaniya Taha Dharauti Khata | 0610058213000061 |

5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working date at the same time and venue.
6. Tender Procedure shall follow Public Procurement Act 2063 (1st Amendment) and Public Procurement Regulation 2064 (11th Amendment).
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason.

**Chief Administrative Officer**

"राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो,
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।"

# हार्दिक श्रद्धाञ्जली



जन्मः
२००६ फागुन १५

स्वर्गारोहणः
२०७८ चैत ११

**स्व. महाप्रसाद ढकाल**

हाम्रा अनन्य मित्र ओम ढकाल र दाजु राजकुमार ढकालका पूजनीय पिता

**महाप्रसाद ढकालको**

असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | | |
|---|---|---|---|
| विष्णु पन्त | प्रमिला थापा | मीना पौडेल | सीताराम ढकाल |
| राम प्रसाद न्यौपाने | रमिला श्रेष्ठ | आरसी पन्त | तोया पन्त |
| विष्णु कुमार श्रेष्ठ | गीता पौड्याल | माधव न्यौपाने | गोकर्ण पन्त |
| सुमिता पन्त (निर्मला) | सुमित्रा श्रेष्ठ | नारायण भट्टराई | ध्रुव दाहाल |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ चैत २०७८, मंगलबार
5 April 2022, Tuesday

## सम्पादकीय

# आधा आकाशको अर्थ

निर्वाचन आयोगले केही दिन अगाडि राजनीतिक दलहरूलाई सतर्क गराउँदै निर्देशनात्मक ध्यानाकर्षण गरायो । आयोगप्रति नै अविश्वास सिर्जना गरिरहेका दलहरूलाई गरिएको निर्देशनात्मक ध्यानाकर्षणबारे खासै ठूलो महत्व दिइएन । तर आयोगको ध्यानाकर्षण आजको आवश्यकता हो, दलहरूको दायित्व पनि हो । आगामी ३० वैशाखमा हुने स्थानीय निर्वाचनमा उम्मेद्वारी तय गर्दा अपनाउनुपर्ने तथ्यबारे आयोगले ध्यानाकर्षण गराएको छ । मुख्यगरी आयोगले महिला, पीछडिएको क्षेत्र र दलित समुदायको प्रतिनिधित्वको प्रश्न उठाएको छ । संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहको दुई पदाधिकारी मध्ये एक जना अनिवार्य महिला हुनुपर्नेछ । यस्तो संवैधानिक व्यवस्था अघिल्लो पटकको निर्वाचनमा कार्यान्वयन समेत भयो । तर दुई मध्ये एक महिला भन्ने व्यवस्थालाई दलहरूमा साझा बुझाइ रह्यो ।

स्थानीय तहको प्रमुखमा पुरूष र उपप्रमुखमा महिला भन्ने जस्तो बुझाइ आमरूपमा विकसित भयो । हरेक जसो दलहरूले पुरूषलाई स्थानीय तहको प्रमुख र महिलालाई उपप्रमुखको उम्मेद्वार बनायो । केही अपवाद रहे । दुई वा सो भन्दा दलबीच तालमेल हुँदा त कतिपय स्थानीय तहमा दुवै उम्मेद्वार पुरूष रहे । ठीक उल्टो कतिपय स्थानीय तहमा महिला मात्रै उम्मेद्वार बने । तर महिला मात्रै उम्मेद्वार बनेको परिस्थिति पनि अपवाद थियो । तर आमरूपमा उपप्रमुख भन्नु नै महिला जस्तो बनाइयो । जबकी संविधानको भावना भनेको महिलालाई नेतृत्वमा ल्याउने हो । यसपटक यो तथ्य बुझ्न जरूरी छ । यदि समानुपातिक समावेशीताको भावना बुझ्ने हो भने यसपटक उपप्रमुख रहेकाहरूलाई प्रमुखको उम्मेद्वार बनाउनु स्वभाविक हो । पुरूष प्रमुखले फेरि दोहोरिएर उम्मेद्वारीमा दावी गर्छन् भने उपप्रमुखमा दावी गरेका महिलाहरूले प्रमुखमा दावी गर्नु अस्वभाविक होइन ।

वर्तमान संविधानले पनि समावेशी प्रणाली कार्यान्वयनलाई अग्रगामी शक्ति मानेको छ । राजनीतिक प्रतिश्पर्धा पनि अग्रगामीहरूबीच नै हुन जरूरी छ । यसको अर्थ जुन दलले समावेशी अनुहारलाई अगाडि बढाउँछन्, त्यो दल बढी क्रान्तिकारी र परिवर्तनशील दल हो भनिरहनु परेन । त्यसैले दलहरूले यसतर्फ ध्यान दिन जरूरी छ । मुलुकको कार्यकारी पदमा महिला पुग्न सकेकी छैनन् । प्रधानमन्त्री धेरै टाढा भयो, गृहमन्त्री समेत महिला हुन नसकेको मुलुकमा स्थानीय तहको नेतृत्वमा महिला पुगे भने संघीयता कार्यान्वयनले पनि सार्थकता पाउनेछ । यो व्यवस्था जोगाउने विषय पनि हो । यदि दलहरूले यसतर्फ ध्यान दिन सकेन भने मतदाताले त्यस्ता दलहरूलाई सजाय गर्ने उपयुक्त समय पनि हो ।

# चुनाव उपयोगको नीतिमाथि बहस

*आजसम्मको बहिस्कार आन्दोलनको निष्कर्ष बहिस्कार आफैं जनताबाट बहिस्कृत छ । हाम्रै परिवारभित्रसमेत बहिस्कारको प्रयोग गर्न सक्दैनौं भने बाहिर त टाढाको कुरा ।*

अग्रलेख



● विष्णु पन्त


### चुनाव उपयोगको नीति

नेपाल कम्युनिष्ट पार्टीभित्र अहिले चुनावलाई उपयोग गर्ने वा बहिस्कार गर्ने भन्ने विषयमा व्यापक बहस छ। केन्द्रीय समिति बैठकले चुनावलाई उपयोग गर्ने विषयमा ठोस निर्णय नलिएको भएपनि उपयोग गर्न सकिने विषयलाई भने स्वीकार गरेको छ। पार्टी महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले प्रस्तुत गरेको प्रस्ताव संशोधनसहित पारित भएको छ तर, बहस बाँकी नै छ। यो लेखमा विप्लवले प्रस्तुत गरेको प्रस्तावको विषयमा केही चर्चा गर्ने प्रयास गरिएको छ।

वस्तुतः क्रान्तिकारीहरुको उद्देश्य परिवर्तनलाई कमजोर बनाउने र चुनौति खडा गर्नुपर्ने हुन्छ । विप्लवको पछिल्लो संश्लेषणले परिवर्तन विरोधीलाई कमजोर बनाउछ र क्रान्तिकारी पार्टीलाई बलियो बनाउछ। संसदमा र चुनावमा परिवर्तन विरोधीलाई निर्विकल्प छाड्नु बुद्धिमानी हुन्छ कि चुनौति खडा गर्नु बुद्धिमानी हुन्छ भन्ने प्रश्न आजको हो। नेता खड्गबहादुर विश्वकर्माको शब्दमा "क्रान्तिकारीहरुले जित्ने बाटो रोज्नु पर्छ ।" संसदभित्रैबाट संसदको र व्यवस्थाविरुद्धको आगो बाल्ने र जित्ने एउटा सही तरिका हो । संविधानसभामा पहिलो भएको एउटा कमजोर थियो त्यो हो नेतृत्वको आत्मसमर्पण । यदि त्यसो नभएको भए वा त्यो दुर्घटनाबाट बच्न सकेको भए त्यो कार्यनीति सही थियो। हामीले परिवर्तनलाई संसदभित्र पनि असुरक्षित बनाउने रणनीति बनाउनु पर्छ। महासचिवको दुरदृष्टिलाई पार्टीका सबै सदस्यले बुझ्न सक्नुपर्छ।

हामीले गाउँपालिका भित्रैबाट संसदीय व्यवस्थाविरुद्धको संघर्ष किन नगर्ने ? बहिस्कारबाट थवाङ र मालकोट जस्ता हाम्रा आधार क्षेत्रलाई पनि बचाउन सकेनौ नी त। यो हाम्रो कार्यनीतिको कमजोर थियो । त्यसको सट्टा चुनावलाई उपयोगको कार्यनीति बनाएर थवाङ र माल्कोटलाई नमुना समाजवादी गाउँ बनाउन सकेको भए क्रान्तिको जित हुन्थ्यो। आज प्रतिक्रियावादीहरुको चाहना छ कि क्रान्तिकारीहरु युद्धमा जाउन, सशस्त्र संघर्षमा जाउन, बहिस्कारमा जाउन र राष्ट्रिय रुपमा एक्लीदैं जाउन । हामीलाई एक्ल्याउनु वा अल्पमतमा पार्नुलाई उनीहरुको जित्ने सुत्र बनेको छ। हामी परिवर्तनले चाहे जस्तो बन्नु हुँदैन। हामीले जान अन्जानमा परिवर्तनलाई सहज बनाइदिनु हुँदैन । हामीले मूलधारको संघर्षलाई पछ्याउनु पर्छ। हामीले वैधानिक संघर्षलाई विकल्पको रुपमा खडा गर्नुपर्छ । खाली असंवैधानिक संघर्ष वा असंवैधानिक बाटा मात्र खोज्नु हुँदैन । संसदीय चुनावलाई पनि क्रान्तिको हतियार बनाउने निर्णय सबैभन्दा सही हुन्छ । चुनावमा परिवर्तनलाई सुरक्षित बनाउने नीति बनाउनु दुरदर्शी हुँदैन । कमरेड विप्लव प्रत्यक्ष युद्धको फिल्ड कमाण्डर भएको हुनाले युद्ध जित्ने उपाय वा संश्लेषणलाई सकारात्मक र उत्साहजनक ढंगले हेर्नुपर्छ। लडाइँ वा युद्धमा परिवर्तनलाई कमजोर बनाउने र असुरक्षित बनाउने ढंगले सोंच्नु पर्छ। परिवर्तनलाई नै सुद्धढ बनाउने कार्यनीतिले प्रतिक्रान्तिलाई बलियो बनाउँछ। क्रान्तिकारीहरुले वस्तुलाई उल्टाई पल्टाई पनि हेर्नुपर्छ, खाली एकांकी संश्लषेण गर्नु हुँदैन। चुनाव बहिस्कार गर्दा र उपयोग वा प्रयोग गर्दा के भनेर विश्लेषण गर्न सक्नुपर्छ ।

हामीले मोहन वैद्य 'किरण' जीको नेतृत्वमा हुँदा नै उपयोग वा प्रयोगको कार्यनीति बनाएको भए आज माओवादी आन्दोलनको मूलधार हामी हुने थियौं र त्यो पुरानो संगठन हामीसँग हुने थियो । सचेततापूर्वक संसदीय चुनावको प्रयोग गर्ने हो भने हामीले छिट्टै यो व्यवस्थाको अन्त्य गर्न सक्छौं । यदि हामीले बहिस्कारको नीति लिएको भए हामी थप एक्लीँदै जाने थियौं । प्रयोगको नीतिले हाम्रो संगठन मजबुद हुँदै जाने छ। आजसम्मको बहिस्कार आन्दोलनको अध्ययनबाट निस्केको संश्लेषण हो कि बहिस्कार आफैं जनताबाट बहिस्कृत छ। हाम्रै परिवारभित्रसमेत बहिस्कारको प्रयोग गर्न सक्दैनौं भने बाहिर त टाढाको कुरा। कुनै पनि संघर्षलाई त्यसले ल्याउने परिणामसँग जोडेर मूल्यांकन गर्नुपर्छ। बहिस्कारले परिवर्तनलाई वा संसदवादीलाई बलियो, सुरक्षित र सुद्धढ बनाउँछ भने प्रयोगले उनीहरुलाई असुरक्षित बनाउँछ। एमसीसी



> गाउँपालिकाभित्रैबाट संसदीय व्यवस्थाविरूद्वको संघर्ष किन नगर्ने ? बहिस्कारबाट थवाङ र मालकोट जस्ता आधार क्षेत्रलाई पनि बचाउन नसकेको यथार्थ स्वीकार गर्नुपर्दछ । चुनावलाई उपयोगको कार्यनीति बनाएर थवाङ र माल्कोटलाई नमुना समाजवादी गाउँ बनाउन सकेको भए आज क्रान्तिको जित हुन्थ्यो ।

विरोधी आन्दोलनमा एक जना भीम रावलको संघर्ष पनि प्रेरणादायी र उत्साहजनक बन्यो। यो तथ्यलाई क्रान्तिकारीहरुले सही ढंगले संश्लेषण गर्न सक्छुपर्छ। त्यसकारण लडाइँमा परिवर्तनको मनोविज्ञान पनि बुझ्नु पर्छ हामीले बहिस्कार गरे उनीहरु खुसी हुन्छन्। हामीलाई जेल, हिरासतमा राख्ने गिरफ्नार गर्ने अनि झुटा मुद्दा लगाउने योजना बनाएर जंगलमा बस्न बाध्य बनाउँदै उनीहरु सुरक्षित महसुस गर्छन् । त्यसकारण यो उनीहरुको बाटो हो । उनीहरुले सोंचेकै पुरानै बाटोलाई हामीले बदल्नु पर्छ। लडाइँमा बाटाहरु अदलबदल गर्नु र परिवर्तनलाई झुकाउनु अनि हैरान पार्नु हाम्रो सफलता पनि हो।

त्यसकारण चुनाव भनेको संसदवादीहरुको नियमित हतियार हो । चुनावमा पनि उनीहरुलाई बेचैन बनाउने कार्यनीति हामीलाई चाहिन्छ। हामीले चुनावसम्मको लागि नयाँ कार्यनीति बनाउने पर्छ । प्रयोगद्धारा परिवर्तनसँग भिड्ने विप्लवको निर्ष्कष सही छ । संसदभित्र र स्थानीय निकायभित्र पनि संघर्ष र प्रतिरोधको योजना बनाउने कुरा सही र शाहसीक छ । यो निर्णयले परिवर्तनको किल्लामा हल्लीखल्ली मच्चिएको छ । यो निर्णयको प्रभावलाई परिवर्तनले बुझिसकेको छ र त हाम्राविरुद्ध षडयन्त्र गर्दैछ। ३ बुंदे ठाउँमा ७ बुँदेको कुप्रचार बल्खु वा पेरिसडाँडामा बुझाउने कुप्रचार यसैका षडयन्त्र हुन । पार्टीलाई विभाजन गराउनेदेखि नेतृत्वलाई बदनामित गराउने षडयन्त्र हुँदैछ । नेपाली राजनीतिमा परिवर्तनका विरुद्वको हमलाको बारेमा सोंच्ने नेता भनेकै एकमात्र विप्लव र प्रकाण्ड हुन् । परिवर्तनलाई देख्ने र उसको हतियारलाई बुझ्ने कुरामा उनीहरुको विशेष अध्ययन छ । स्पष्ट छ, चुनाव पनि परिवर्तनको हतियार हो र यसलाई खोस्ने योजना हामीले बनाउनु पर्छ ।

### चुनाव उपयोग वा बहिस्कारबीचको अन्तर

चुनावको प्रयोगबाट संसदवादमै फसिन्छ कि भन्ने एउटा चिन्ता सही छ । नफसीकन प्रयोग सम्भव छ कि छैन यो अर्को प्रश्न हो । प्रचण्ड र बाबुराम नियोजित रुपमा फसेका हुन भन्ने तथ्यमा स्पष्ट हुन जरुरी छ । यदि संसदीय व्यवस्थामै आत्मसमर्पण नगरेको भए चुनावको बाटो पनि प्रभावकारी साबित हुन सक्थ्यो । त्यसकारण प्रयोग र पतनबीच अन्तर छ । हामीले सचेत प्रयोग गर्नुपर्छ । हामीले संसदभित्रै जनमत संग्रहको माग गर्ने वातावरण बनाउन सक्छौं कि, त्यो हेनुपर्छ । स्थानीय सरकारमा जनमत संग्रह र वैज्ञानिक समाजवादको नारा लगाउन सक्छौं कि, त्यो पनि हेर्नुपर्छ । वस्तुगत र आत्मगत परिस्थितिमा ध्यानमा राखेर सम्भाव्यताको खोजी गरिनु पर्छ । हामीले अहिले देखेका छौं कि संसदवादी दलहरुभित्र दुई धुव्रीय संघर्ष र टकराव छ । यो संकट र अन्तरविरोधका बीचबाट विदेशी हस्तक्षेप सशक्त बनेको छ । तत्कालिन सरकारी नेकपाको विघटन पछि हस्तक्षेप तिव्र बनेको छ । पार्टी विभाजन वा एकता अनि ओली सरकारको निरन्तरता वा बर्खास्तीमा शक्ति राष्ट्रहरुको स्वार्थ जोडिएका तथ्यहरु पनि ताजा नै छन् । त्यसकारण प्रयोग नै आजको सही बाटो हो । यो तत्कालिन विषय हो र एक ढिक्का भएर जाँदा क्रान्तिलाई फाइदा पुग्छ । पतन हैन प्रयोग : यो आजको नारा बन्नुपर्छ । प्रयोग प्रभावकारी हुन्छ । यदि सही ढंगले चुनावी रणनीति बनाउन सके संसदभित्र र स्थानीय निकायभित्र पनि हाम्रो मोर्चा बन्ने सम्भावना प्रबल छ ।

### संसदवादलाई क्रान्तिकारीको प्रयोग

संसदवादी टकरावलाई क्रान्तिमा प्रयोग गर्ने नीतिको विकास गर्नुपर्छ । चुनावलाई उनीहरुले जीवनमरणको विषय ठानेका छन् । हामीले उनीहरुलाई सजिलो बनाइदिनु हुँदैन । विगतमा हामीले बहिस्कार गरेका कारण उनीहरु सुद्धढ बने । पहिलो बहिस्कारमा हामीले एउटा गलत नीतिको अभ्यास गऱ्यौं, त्यो हो - छानी छानी माओवादी हराउ अभियान । वस्तुलाई उल्ट्याएर हेर्नुपर्छ । यदि उपयोग वा प्रयोग गरेको भए के हुन्थ्यो ? अहिले हामीले सशक्त बहिस्कार गर्न मिल्ने अवस्था छैन । शालिन र भद्र बहिस्कारलाई जनताले पटक्कै मन पराउने छैनन् । जनताले भनेका छन् - सक्छौं भने चुनाव नै हुन नदेउ, ध्वस्त बनाउ र व्यवस्था नै ढाल । अहिले भर्खरै यो सम्भावना छैन । यो चुनावमा शालिन र भद्र बहिस्कारको कुनै अर्थ छैन । त्यसकारण तत्कालिन रुपमा चुनावको प्रयोग सही हुन्छ । प्रयोगको निर्णयबाट संसदवादीहरु अत्तालिएका छन् । उनीहरु भन्दै छन् - कम्तीमा संसद र स्थानीय निकायभित्र त हामी सुरक्षित थियौं तर, अब त गाह्रो हुने भयो । स्थानीय निकायभित्र पसेर भ्रष्टाचारविरुद्धको संघर्ष प्रभावकारी बन्न सक्छ ।

अहिले संसदवादीहरु दुई धुव्रमा विभाजित बनेका छन् । उनीहरुभित्र सत्रुतापूर्ण र निषेधपूर्ण संघर्ष छ । यो टकरावको बीचबाट हामीले नयाँ संघर्ष छेड्नु पर्छ । हामीले लगाउने निम्न नाराहरु प्रभावकारी बन्ने छन् - बृहत कम्युनिष्ट एकता, बृहत राष्ट्रिय एकता र जनमत संग्रह । यस सँगसँगै प्रगतिशील संयुक्त सरकार र जनमत संग्रह दुई अभिन्न भाग हुन् । त्यसकारण चुनावको प्रयोग हुँदै हस्तक्षेपसम्म पुग्ने हाम्रो नीति हुनुपर्छ । यदी चुनावलाई बहिस्कार गर्ने मात्रै नीति लियौं भने त्यो दुरगामी हिसाबले क्रान्तिकारी आन्दोलन सिध्याउने हुन्छ । हामी क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउने कि सिध्याउने भन्ने कोणबाट बहस गर्न तयार हुनुपर्छ ।

*(लेखक पन्त नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका नेता हुन् ।)*

## सामाजिक सञ्जाल




- डम्मर खतिवडा

'सुशासन र समृद्धि' सबै पार्टीको नारामा देख्छु । त्यसो भए यो साझा थिम भएछ । लु- मोडालिटीको बहस गरौं-कस्तो र कसरी सुशासन र संमृद्धि ? जसपासँग भने थप 'पहिचानसहितको संघीयता' छ, जुन अरू कुनै पार्टीसँग छैन । समाजवाद-अहिले सैद्धान्तिक अवधारणा मात्रै हो । शब्दमा जप्ने, व्यवहारमा नहुने ।



- सिरोमणि ढुंगाना

देउवाको भारत भ्रमणको सन्दर्भमाः भारतीय पक्ष समेतको संलग्नतामा तयार ईपीजी प्रतिवेदन, सीमा विवाद समाधानका लागि दुईपक्षीय संयन्त्र, नेपालले महँगो मूल्यमा विद्युत आयातको तयारी गर्दै गर्दा मुल्य घटाउन पहल । तर, कार्यान्वयन हुनसक्ने विषयमा खास निर्णय हुन नसक्नु नेपाल पक्षको कमजोरी ।



- रामशरण बजगाइँ

भारतका लागि यसअधिका राजदूत निलाम्बर आचार्यले "लिम्पियाधुरासहितको नयाँ नक्सा राखिएको थियो त । अहिलेको अवस्था भने मैले भन्न सक्ने कुरा भएन ।" भने पछि यसको जिम्मेवार वर्तमान प्रधानमन्त्री देउवा र परराष्ट्रमन्त्री खड्का हुन भन्ने सजीलै बुझ्न सकिन्छ ।



- सुशिल न्यौपाने

भारतमा कांग्रेस आईको चुनावी हार कम्युनिष्टसँगको गठबन्धनका कारण होइन नेतृत्व क्षमताको कारणले हो, मोदीको अगाडि राहुल फिक्का हुनु हो । उदाहरणका लागि गगन थापाले महामन्त्री जित्दा शेखर कोइरालाले सभापति हारे जस्तै ।



- बाबुलाल भण्डारी

अवसर त अनेक पटक जुटेकै हो । इपीजी प्रतिवेदन बुझ्न र बुझाउन केही मिनेट वा घण्टाभन्दा बढी लाग्नुपर्ने नै थिएन ! उताबाट वर्षौं नबुझ्ने जस्तो लज्जाहीनता अनि नकच्चरोपन र यताबाट निरन्तर प्रदर्शित लाचारी अक्षम्य हो ! राम तेरी गङ्गा मैली !

# रूस–युक्रेन युद्धको त्रासदी र नेपाल

टिप्पणी



● उपेन्द्र झा

महिना दिनदेखि रूस र युक्रेनबीच चलि रहेको युद्धमा रूसको प्रतिष्ठा दाउमा लागेको छ। उच्च महत्वाकांक्षाका कारण रूसले युक्रेन जस्तो सानो मुलुकमाथि अनावश्यक युद्ध थोपरेकाले सारा विश्व रूसको विरूद्ध संगठित भई प्रतिवाद गर्न उत्रेका छन्। अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गरि रूसले युक्रेनलाई सिध्याउने गरि गरेको सैन्य कारवाहीप्रति विश्व अनपेक्षित तेस्रो विश्वयुद्ध घरदैलोमा आई पुगेको देखेर आश्चर्यचकित र भयभीत बनेको छ । तीन दिनमा युक्रेनलाई सिध्याउने अठोटका साथ थालिएको युद्ध महिना दिनमा पनि रूसले फतह गर्न नसकेर निरन्तर युद्ध गरि रहेको छ । युक्रेनको राजधानी कीभ शहरका सरकारी भवन, सार्वजनिक महत्वका भवनहरू, ठूल्ठुला आवासका भवनहरू ध्वस्त पारेर पनि रूसले कब्जा गर्न सकेको छैन। सानो देश र कमजोर सैन्य शक्ति लिएर युक्रेन अदम्य साहसका साथ युद्ध लडिरहेको अवस्थाले विश्व यूक्रेनी राष्ट्रपति जेलेन्स्कीको प्रशंसा गरेको छ।

प्रतिरक्षात्मक अवस्थामा युद्ध लडि रहेको युक्रेनप्रति युरोपीय देशहरूको सहानुभूति रहँदा पनि युद्धमा प्रत्यक्ष साथ दिन भने ठूलो धर्मसंकट छ। यस युद्धमा युक्रेनको साथ दिने जोकोहीलाई छाडिने छैन रूसको धम्कीले तेस्रो विश्वयुद्ध निम्तिने खतरा स्पष्ट पारि दिएको छ। युद्धको अर्को विकल्प रूसमाथि युरोपीय देशको आर्थिक नाकाबन्दी हो। अहिलेसम्म विश्वले रूसमाथि २ हजार ७ सय वस्तुको प्रतिबन्ध लगाई सकेको छ। विश्वबाट अलग्गिएको रूस अहिले ५ हजारभन्दा बढी प्रतिबन्धको सामना गरिरहेको छ। रूसको जीतले मात्र युद्ध विराम हुने अन्यथा युद्ध चलिरहने रूसको बाध्यता हो। रूसको जीत युक्रेनको समाप्ति हो जो विश्वलाई कुनै हालतमा मान्य हुँदैन।

सन् २०१४ मा क्रिमियालाई आफ्नो कब्जामा लिएको रूसले युक्रेनको पूर्वी सीमासम्म सैन्य विस्तार गरि युक्रेनसँग शत्रुताको बिजारोपण गरेको थियो। आफ्नो प्रभावभन्दा बाहिर जान नदिन युक्रेनलाई अनेक किसिमको दबाव बेहोर्नु परेको थियो। नेटोसँग सम्बन्ध विस्तार गर्ने युक्रेनका अभिव्यक्ति रूसलाई पाच्य भएन र युद्धबाट नै युक्रेनलाई सिध्याउने रूसको अठोटले विश्वलाई संकटमा पारेको छ। युक्रेनमा धनजनको अपार क्षति देखेर विश्वले सैन्य सामग्री तथा आर्थिक सहायता उपलब्ध गराउन शुरूवात गरेदेखि युद्ध लम्बिदै गएको छ। युद्धरत रूस छिटो नतिजा निकाल्न असक्षम भइरहेको अवस्था, विश्वले लगाएको आर्थिक नाकाबन्दी आदिका कारण रूसले पनि अनपेक्षित क्षति बेहोरिरहेको छ।

> नेपालमा एमसीसी पास गराउन सफल अमेरिकासँग चीनको तनाव तीव्ररूपमा बढेको छ । नेपालबाट आफूलाई विस्थापित गर्न खोजेको कुराबाट क्रूद्ध बनेको चीन, अमेरिकासँग भिड्न निहुँ खोजी नै रहेको देखिन्छ । नेपालमा एक चीन नीतिसँगै एक चीन प्रभाव हेर्न चाहने चीन आफ्नो कब्जाबाट नेपाललाई बाहिर जान दिन चाहँदैन ।

शक्ति राष्ट्रको अभिमानले युद्धबाट विजयी हुने चाहना संकटमा परेपछि युद्धबाट हट्ने अवस्था पनि छैन। शक्ति राष्ट्रको प्रतिष्ठा दाउमा लागेकोले तेस्रो विश्वयुद्धको मूल ढोकासम्म यस युद्धलाई पुऱ्याउने रूसको बाध्यता देखिएकोले विश्व पनि युक्रेनको भौतिक संरचनाको क्षति, उच्च बिन्दुको मानव क्षतिलाई मूकदर्शक भई हेर्न सक्दैन र रूसलाई नियन्त्रण गर्न कदम चाल्छ। चीन, उत्तर कोरिया, इरान, पाकिस्तान, बेलारूसलगायतका केही देशहरू रूसको समर्थनमा युद्धको तयारी अवस्थामा बसेको छ। युक्रेनसँग नेटो राष्ट्र प्रत्यक्ष युद्धमा संलग्न भएपछि उपरोक्त देशहरू पनि रूसको समर्थनमा खुल्ने प्रष्ट छ। त्यसपछि त पारस्परिक बैरभाव राख्ने देशहरू एकअर्कालाई सिध्याउने हिसाबले युद्धमा होमिने छन्। रूसको युद्ध नरोकिने जिद्दले विश्वलाई युद्ध गर्न उक्साई रहेको परिस्थिति सृजना भएको छ। रूस र चीनको अब्बल दर्जाको दुश्मनको रूपमा रहेको अमेरिकालाई युद्धमा होमिन बाध्य पार्ने, त्यसपछि रूस र चीनबाट दोहरो आक्रमणको शिकार बनाउने रणनीति पनि हुन सक्दछ। अमेरिका निकट रहेको भारत रूसको पुरानो मित्रतालाई तिलाञ्जली दिन सक्दैन। अमेरिका र रूस कसलाई साथ दिने भाारतसँग ठूलो धर्मसंकट छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनको युक्रेनको पश्चिम सीमामा पर्ने पोल्याण्ड भ्रमणले रूसको बौखलाहट तीब्र बनेको छ। रूस कुनै पनि बेला परमाणु हथियार प्रयोग गर्न सक्नेछ। युक्रेनमाथि चार दिनदेखि रूसले हवाई हमला तीब्र रूपमा बढाएको छ। युक्रेनको पुर्व रूसी सेनाको जमघट छ। पश्चिमी सीमा पोल्याण्डमा अमेरिकाले आफ्नो सेना थुपार्ने रूसको आकंलन छ। यसरी रूस र अमेरिकाको प्रत्यक्ष युद्धको सम्भावना देखिन्छ। रूसले भारी मात्रामा युरोपलाई पाइप लाईनद्वारा गैस र तेल बेचीरहेको छ। युरोपीय देशले रूसमाथि आर्थिक नाकाबन्दी गरेका कारण रूसले अर्थ संकट भोगि रहेको बेला उनले पनि गैस र तेलको भुक्तानी रूबलमा लिने घोषणा गरि सकेको छ। अन्यथा ग्याँस र तेलको आपूर्ति बन्द हुन सक्ने संकेत पनि गरेको छ। नेपाल भारत, अमेरिका, चीन र युरोपियन युनियनको समान स्वार्थको खेल मैदान बनेको छ। केही समय यता चीनको प्रभाव नेपालमा बढेको कारण अरू शक्ति संकुचित हुन पुगेको छ। संकुचनभन्दा बाहिर निस्केर चीनको प्रभावलाई न्यून गर्ने रणनीति तहत पहिला चीनको प्रभावमा रहेको नेताहरूलाई बाहिर निकाल्ने, दोस्रो, संसदमा एक तिहाई मत संख्या रहेपनि एमसीसी पास गराउन सफल भएपछि चीनको प्रभाव नेपालमा नष्ट भएको देखेर चीन क्रुद्ध बनेको छ। अमेरिकाको प्रभाव विस्तार भएका कारण नेपालले एक चीन नीति पनि छोड्ला कि भन्ने आशंका निवारण गर्न आगामी दिनमा चीनको विदेश मन्त्री नेपाल आउने कार्यक्रम छ।

नेपालमा एमसीसी पास गराउन सफल अमेरिकासँग चीनको तनाव तीब्र रूपमा बढेको छ। नेपालबाट आफूलाई विस्थापित गर्न खोजेको कुराबाट क्रूद्ध बनेको चीन, अमेरिकासँग भिड्न निहुँ खोजी नै रहेको छ। नेपालमा एक चीन नीतिसँगै एक चीन प्रभाव हेर्न चाह्ने चीन आफ्नो कब्जाबाट नेपाललाई बाहिर जान दिन चाहँदैन। फ्री तिब्बतको आवाजबाट तिब्बतलाई जोगाउनु चीनको ठूलो चिन्ता छ। तिब्बत कै सुरक्षाका लागि नेपाल चीनको लागि महत्वपूर्ण भएको छ। अमेरिकाप्रति क्रुद्ध रहेको चीन, नेपालमा उसको सशक्त उपस्थिति कथमपि बर्दास्त गर्दैन। अमेरिका मात्र होइन नेपालमा चीनले भारत, युरोपियन युनियन कसैको प्रभाव देख्न चाहँदैन। तेस्रो विश्व युद्धको थालनी भयो भने चार महाशक्ति देश एकत्रित रहेको ठाउँ नेपाल युद्धको प्रभावबाट बाँच्न सफल भयो भने भाग्यको कुरा नै भनौ।

*मधेशवाणीबाट*

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## दाङ डायरी

रामप्रसाद सुवेदी/मध्यान्ह

# हापुरेमा दुई दिने आधारभूत पत्रकारिता तालिम




दाङको बबई गाउँपालिकाको हापुरेमा दुई दिने आधारभूत पत्रकारिता तालिम शुरु भएको छ ।

प्रेस चौतारी नेपाल दाङ शाखाको आयोजना तथा बबई गाउँपालिकाको आर्थिक सहयोगमा तालिम शुरु भएको हो ।

प्रेस चौतारी नेपाल दाङ शाखाका अध्यक्ष इन्द्र डी.सीको अध्यक्षता तथा बबई गाउँपालिकाकी उपाध्यक्ष सावित्रा विश्वकर्माको प्रमुख आतिथ्यतामा तालिमको एक समारोहकाबीच सोमबार उद्घाटन गरिएको हो ।

तालिममा बबई गाउँपालिका र शान्तिनगर गाउँपालिकाका ३२ जनाको सहभागिता रहेको छ । तालिममा सोमबार छवि पुरी, रन्जिता शर्मा, गणेश आचार्य र टीका बस्नेतले प्रशिक्षण दिएका छन् । प्रेस चौतारी नेपाल दाङ शाखा बरिष्ठ उपाध्यक्ष प्रेम बहादुर राम्जाको स्वागत मन्तब्यबाट शुरु भएको कार्यक्रममा प्रेस चौतारी नेपाल दाङ शाखा सल्लाहकार रन्जिता शर्मा, प्रेस चौतारी नेपाल लुम्बिनी प्रदेश कमिटी सदस्य बालकृष्ण पाण्डे, प्रेस चौतारी नेपाल केन्द्रीय सदस्य गणेश आचार्य, बबई गाउँपालिका प्रवक्ता टंकराज विक लगायतकाले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको सहजिकरण प्रेस चौतारी नेपाल दाङ शाखा सहसचिव एकराज भण्डारीले गरेका थिए ।

# बबईमा एमालेको टोल कमिटी सम्पर्क कार्यालय



दाङको बबई गाउँपालिकाको वडा नम्बर ४ का नेकपा एमालेको टोल कमिटी सम्पर्क कार्यालयको उद्घाटन गरिएको छ ।

४ नम्बर वडा अन्तर्गत विद्यानगर टोल, सूर्यनगर टोल, गंगालाल मार्ग, कंचनपुर टोल, चन्द्रनगर टोल र सुन्दरखाल टोल कमिटीको सोमबार एक कार्यक्रमकाबीच एकैसाथ सम्पर्क कार्यालय उद्घाटन गरिएको हो ।

कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले आगामी स्थानीय तहको निर्वाचनमा पाँच दलीय गठबन्धनलाई परास्त पार्नेमा जोड दिएका थिए ।

निर्वाचनलाई मध्य नजर गर्दै पछिल्लो समय एमाले बबईले चुनावी गतिविधि अघि बढाइरहेको नेकपा एमालेका वडा नम्बर ४ अध्यक्ष नारायण परियारले जानकारी दिए ।

कार्यक्रममा नेकपा एमाले केन्द्रीय लेखा आयोग सदस्य सावित्रा विश्वकर्मा, प्रदेश कमिटी सदस्य तथा क्षेत्र नम्बर ३ (ख)का इन्चार्ज भुवनेश्वर पौडेल, जिल्ला कमिटी सदस्यहरु टंक विक, प्रेमबहादुर खत्री, शान्ता विश्वकर्मा, राजकुमारी बुढा र क्षेत्रीय कमिटी सचिव टेक बहादुर वली लगायतको उपस्थिति रहेको थियो ।

## कम्पनी गाभ्ने/गाभिने सम्बन्धमा सूचना

सूचना प्रकाशित मितिः २०७८/१२/२२

